# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ९) केराबारी, साउन १८ गते,२०८२ साल (संख्या ३

**भाग — २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम केराबारी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# केराबारी गाउँपालिकाको जलवायु अनुकूलन दिगो कृषि उत्पादन बिस्तार एवं बजारीकरण कार्यक्रम सञ्चालन कार्यबिधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति - २०८२/४/१४

प्रमाणीकरण मिति : २०८२/०४/१८

<u>**पृष्ठभुमि**</u> :केरावारी गाँउपालीकाका बासिन्दाहरुको मुख्य पेशा कृषि रहेको र कृषि क्षेत्रमा बर्तमान अवस्थामा बिश्वब्यापी रुपमा भएको जलवायु परिवर्तन र त्यसले पारेको प्रभावलाई ध्यानमा राखी जलवायु

परिवर्तनबाट कृषि क्षेत्रमा भईरहेको हानी न्यूनिकरण गर्न तथा जलवायु परिवर्तन संग अनुकुलन रही कृषि कार्य गर्न अभिप्रेत गर्ने, प्रति इकाई उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने र उत्पादित बस्तुको सहज बजारीकरण गर्ने उदेश्यले संघीय विशेष अनुदानमा संचालित **जलवायु अनुकुलन दिगो कृषि उत्पादन बिस्तार एवं बजारीकरण कार्यक्रम (Climate Adaptation Sustainable Agricultural Product Expansion and Marketing Program(CASAPEMP)** संचालन गर्न बिनियोजन ऐन २०८२ बमोजिम केरावारी गाँउ कार्यपालिकाले यो कार्यबिधि स्वीकृत गरि लागु गरेको छ।

## परिच्छेद — १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यबिधिको नाम " **जलवायु अनुकुलन दिगो कृषि उत्पादन बिस्तार एवं बजारीकरण कार्यक्रम** सञ्चालन कार्यबिधि, २०८२"रहेको छ।

(२) यो कार्यबिधि केरावारी गाँउपालीका, गाँउ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**-बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा;-

(क)"**कार्यक्रम**" भन्नाले यस कार्यबिधि बमोजिम संचालन हुने **जलवायु अनुकुलन दिगो कृषि**

**उत्पादन बिस्तार एवं बजारीकरण कार्यक्रम** सम्झनु पर्छ।

(ख) "**कार्यालय**" भन्नाले केरावारी गाँउपालीका, गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "**कृषक**" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई तथा केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ अनुसार परिभाषित ब्यक्ती सम्झनु पर्दछ।

(ग) "**कृषि विकास शाखा**" भन्नाले केरावारी गाँउपालिका अन्तरगत रहेको कृषि विकास शाखा सम्झनुपर्दछ।

(घ) "**कृषि समिति**" भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ बमोजिम कार्यपालिकाबाट गठित गाँउपालीका स्तरीय कृषि समिति सम्झनु पर्दछ।

(ङ) "**ऐन**" भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ लाई सम्झनु पर्दछ ।

(च) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी /उद्यमीको संस्थालाई सम्झनुपर्दछ।

(छ) “कम्पनी” भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(ज) “कृषक समूह” भन्नाले कृषि पेशामा संलग्न भई मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि सामूहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न साविकको जिल्ला कृषि विकास कार्यालय तथा गाँउपालिका मा दर्ताभएका केरावारी गाँउपालिका भित्रका कृषक समूह सम्झनु पर्दछ।

(झ) “कृषि सहकारी” भन्नाले विगत सहकारी डिभिजन कार्यालय तथा जिल्ला कृषि विकास कार्यालय अन्तर्गत दर्ता भएका वाकेरावारी गाँउपालिका भित्र रहेका सहकारी ऐन २०७५ अनुरुप दर्ता भएका संस्था सम्झनुपर्दछ।

(ञ) “अनुदान” भन्नाले यस कार्यबिधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनुपर्दछ।

(ट) “अनुदानग्राही” भन्नाले यस कार्यबिधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/ कृषि फर्म/ कम्पनी/ कृषक समूह/ कृषि तथा बुउद्देश्यिय सहकारी संस्था/ उपभोक्ता समिति आदी लाई सम्झनु पर्दछ।

(ठ) “स्वीकृत बार्षिक वजेट” भन्नाले केरावारी गाँउपालिका को चालु आ.व. लाई बिशेष अनुदान प्राप्त **जलवायु अनुकुलन दिगो कृषि उत्पादन बिस्तार एवं बजारीकरण कार्यक्रम** संचालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ।

(ढ) “कृषि सेवा केन्द्र” भन्नाले केराबारी गाँउपालिका अन्तर्गत बिभिन्न वडाहरुमा स्थापना भएका कृषि सेवा केन्द्रहरुलाई संझनुपर्दछ ।

(ण) “आर्थिक विकास समिति” भन्नाले केराबारी गाँउपालिका स्तरिय आर्थिक विकास समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद — २

## जलवायु अनुकुलन दिगो कृषि उत्पादन बिस्तार एवं बजारीकरण कार्यक्रम संचालनहुने क्षेत्र तथा बिधि

**१.कार्यक्रमका क्षेत्र देहाय बमोजिम हुनेछः-**

(क) जलवायु अनुकूल प्रविधि बिस्तार तथा प्रयोगमा व्यपकता (ड्रिप सिँचाइ, सुधारिएको हरितगृह स्थापना, मल्चिङ तथा अन्य अनुकुलन प्रविधि) कार्यक्रम

(ख) बिउ बिजन तथा सुधारिएका कृषि औजार उपकरण वितरण कार्यक्रम ।

(ग) प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रको क्षमता अभिबृद्धी साथै आवाश्यक साधन तथा औजार उपकरण व्यवस्थापन ।

(घ) प्राङ्गारिक खेती बिस्तार ।

(ङ) जैविक तथा प्राङ्गारिक कृषि प्रवर्दन कार्यक्रम ।

(च) प्रविधि प्रदर्शन, कृषि प्राविधिक/कृषकहरुको क्षमता अभिबृद्धी तथा सिप विकास तथा जनचेतना मुलक कार्यक्रम, प्रकासण तथा प्रचार प्रसार साथै अन्य चालु प्रकृतिका कार्यक्रम ।

(छ) सिचाई व्यवस्थापन कार्यक्रम ।

(ज) प्रविधि प्रदर्शन, कृषि प्राविधिक/कृषकहरुको क्षमता अभिबृद्धी तथा सिप विकास तथा जनचेतना मुलक कार्यक्रम

**२. कार्यक्रम संचालन क्षेत्र,अवधी ,दायित्व तथा अनुदानग्राही**

(क) कार्यक्रम संचालन हुने क्षेत्रहरुः- केरावारी गाँउपालीकाका भित्रका सम्पुर्ण वडाहरु हुनेछन ।

(ख) कार्यक्रम अवधि :- कार्यक्रमको संचालन अवधि चालु आ.व.को हुनेछ।आवश्यकता र सम्भावनाको आधारमा आगामी आ.व. मा अवधि थप गर्न सक्नेछ।

(ग) कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्व :- प्रस्तावक कृषक छनौट गर्न आर्थिक समितिले कुनै खास वडा तोक्न सक्नेछ र तोकीएको वार्डमा कार्यक्रम संचालन गर्ने दायित्व कृषि विकास शाखाको हुनेछ ।

(घ) कार्यक्रममा अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु :- बिधिवत रुपमा दर्ता तथा नविकरण भएका कृषक समुह/ कृषि सहकारी साथै कृषि कार्य गर्ने उद्देश्य लिएका बहुउद्देश्य सहकारीहरु/कृषि फर्म/ कृषि उधोग/कम्पनी, कृषकहरु तथा सामुदायीक बनहरु अनुदान प्राप्त गर्ने साझेदार हुनेछन ।

**३. कार्यक्रम छनौटको आधारहरु** :- अनुदान कार्यक्रम सञ्चालनार्थ कृषक समुह/ कृषि साथै कृषि कार्य गर्ने उद्देश्य लिएका बहुउद्देश्य सहकारीहरु/कृषि फर्म/ कृषि उधोग/ कृषकहरु साथै सामुदायीक बनहरु हुनेछन्।

(क) संचालन गरिने कृषि व्यवसायको स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(ख) खेती व्यवसायको लागी जमिन आफनै वा भाडामा लिएर गर्न सकिनेछ वा सिचाई व्यवस्थपन तथा जैविक विभिदता पार्क जस्ता कार्य सम्बन्धित निकाय संगको सहमतिमा सार्वजनिक जगामा पनि गर्न सकिनेछ ।खेती व्यवसाय गर्ने कृषक सोही गाँउपालिकाको स्थायी बासिन्दा हुनुपर्ने बाध्यकारी नभए पनि सम्बन्धित गाँउपालिकामा नै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्नेछ।

(ग) कार्यक्रम बमोजिम कृषकले तथा सम्बन्धित संस्था/समिति कार्यक्रम अनुसार लागत साझेदार गर्न प्रतिबद्ध हुनुपर्नेछ।उक्त रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुनसक्नेछ।

(घ) गाउँपालिका भित्र जलवायु परिवर्तनका कारण प्रभावित क्षेत्रहरुमा विशेष प्राथमिकता दिईनेछ।

(ङ) जलवायु अनुकूलनका कृषि कार्य गर्न ईच्छुक कृषक तथा कृषि व्यवसायलाई प्रोत्साहित गरिनेछ।

(च) कार्यक्रममा गाँउपालिका तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका कार्यक्रमबाट कृषि व्यवसायका लागि सहयोग नलिएको कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

(छ) एकपटक अनुदान पाएका कृषक/ एका घरका सगोलमा रहेका कृषक परिवारलाई पूनः सोही प्रकृतिको

अनुदानका लागि प्रकृति हेरी स्थायि प्रकृतिका छिटै नाश नहुने सामाग्री तथा निर्माणमा अनुदान प्राप्त भएको भए २ बर्ष देखी ५ बर्ष छनौट नगर्ने

(ज) प्रयोग पस्चात बर्षेनी नास भएर जाने वा सो बर्ष तथा सिजन पछी अर्को सिजनमा पुन नया प्रयोग गर्नु पर्ने प्रकृतिका बस्तु तथा सामाग्रीहरु बिउ बिजन, जैविकबिषादी, मल मल्चिङ प्लाष्टीक लगाएतका कृषि कार्यमा प्रयोग हुने प्लाष्टीक तथा अन्य अस्थायी प्रकृतिका कृषि सामग्री मा भने बर्षेनी दिन सकिने।

(झ) छनौट भएका अनुदान कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ।

**(४) कार्यक्रम संचालन प्रकृया :-**

(क) कृषि विकास शाखाले अनुदानमा संचालन गरिने कार्यक्रमहरुको लागि न्युनतम १५ दिनको म्याद राखी सुचना प्रकासन गर्नुपर्ने छ ।यसरी सुचना प्रकासन गर्दा तल्लो तह सम्म पुग्ने गरी बिधुतिय माध्याम, सामाजिक संजाललको समेत प्रयोग गर्नुपर्ने छ ।उक्त अवधीभरमा पर्याप्त आवेदन नपरेमा पुन ७ दिनको सुचना दोश्रो पटक प्रकासन गर्नु पर्ने छ । यदी सो समयमा पनी पर्याप्त निवेदन नआएमा जती निवेदन परेका छन त्यती लाई मात्र कार्यक्रम संचालन गरिने छ ।

(ख) अनुदानग्राहीले कार्यक्रम माग गर्दा समय अबधी भित्रै तोकिएको मापदण्डको अधिनमा रही निवेदन दिनुपर्नै छ । अनुदानका लागी किसानहरुले माग गर्दा आफु संलग्न संस्थाहरु बाट प्राप्त फर्मेट भरी निवेदन सम्बन्धीत संस्थामै दिनुपर्ने छ । सम्बन्धित संस्थालले एकमुष्ठ रुपमा प्रारम्भिक छानविन गरी किसानहरुको सक्कलै निवेदन तथा आवाश्यक कागजात सहित संस्थागत निर्णय गरी सम्बन्धित कृषि सेवा केन्द्रहरु, वडा कार्यालयहरु वा कृषि विकास शाखामा पेश गर्नुपर्ने छ ।यसरी पेश गर्दा वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा संलग्न हुनुपर्ने छ ।

(ग) कृषि विकास शाखाले प्राप्त निवेदनहरु उपर प्रारम्भिक छानविन गरी स्थलगत अध्यन सहितको प्रतिवेदन तयार गरि आर्थिक समितिको बैठकमा पेश गर्नुपर्ने छ । आर्थिक समितिले संबन्धित वडाहरु संग समन्वय गरेर आवश्यक छानविन गरी अनुदानग्राही छनौट गरी कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

(घ) कार्यपालिकाबाट अनुमोदन गर्नुपर्ने प्रकृतिका कार्यक्रमहरुको कार्यपालिका बाट पारित भए पस्चात छनौट भएका अनुदानग्राही लाई जानकारी गराई जानकारी गराएको ७ दिन भित्र आवाश्यक कागजातका साथ कार्यक्रमसंझौता गर्नु पर्ने छ । १५

दिन सम्म पनि कार्यक्रम संझौता गर्न नआएमा बैकल्पिक प्रस्तावकलाई कार्यक्रममा सामेल गरिने छ ।

(ङ) कार्यक्रम संझौता तथा कार्यदेश पाएको समय भित्र कार्य सम्पन्न गरी भुक्तानीका लागी आवाश्यक कागजात सहित बील भरपाई कार्यालयमा पेश गर्नुपर्ने छ ।

(च) सम्बन्धित अनुदानग्राही ले शुरुमा आफ्नो लगानीबाट संझौताअनुसारको कार्य सम्पन्न गरी नियमाअनुसार वील भरपाई र प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन सहित भुक्तानीको लागि निवेदन पेश गर्नुपर्ने छ । तत् पस्चात गाँउपालिकाबाट स्थलगत अनुगमन गरि मनासिव ठहरेमा अनुदान रकम भुक्तानी हुनेछ।

(छ) कार्यालयले बीलभरपाई साथै आवाश्यक कागजात पुर्ण रुपमा प्राप्त भएपस्चात समयमै भुक्तानी दिनुपर्ने छ ।

(ज) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम साझेदारको बैक खाता मार्फत भुक्तानी प्रदान गरिनेछ।

(झ) अनुदानका कार्यक्रमको प्रकृति हेरी लाभग्राहीले कार्यबिधिमा तोकिए बमोजिमको लागत साझेदार बापतको रकम कार्यालयमा जम्मा गरे पस्चात प्रचलित कानुन बमोजिम कार्यालयले अनुदानमा उपलब्ध

गराउने सामग्री खरिद गरी वितरण गर्न सक्नेछ । संझौता भई अनुदानग्राहीलाई दिईएका कार्यक्रमहरु को संझौता बमोजिम कार्यालयमा बिल भरपाई पेश भए पस्चात कार्यलयको तर्फबाट उपलब्ध गराउने अनुदान रकम सम्बन्धित लाभग्राहिको खातामा हालिने छ ।

(५) **कार्यक्रमको अनुगमन तथा मुल्याङकन** :-

(क) निवेदन प्राप्त भएपछि कार्यक्रम छनौटका अतिरिक्त कार्यक्रम संचालन भईरहेका समयमा तथा समापन भएपस्चात कार्यक्रमको अनुगमन गर्नुपर्ने छ । कार्यक्रमहरुको अनुगमन आर्थिक समितिका अतिरिक्त, गाँउपालिका स्तरीय अनुगमन समिति, सम्बन्धित वडा कार्यालय, गाँउपालिका प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले गर्न सक्ने छन ।

(ख) अनुगमनका क्रममा त्रृटी देखिएमा सम्बन्धीत पक्षले दिएको निर्देशन अनुदानग्राहीले पालना गर्नुपर्ने छ । संझौता अनुरुप काम नगरेमा कार्यालयले भुक्तानी रोक्का गर्न सक्ने छ ।

(ग) अनुगमनका क्रममा गाँउपालिका बाट अनुदान प्राप्त सामाग्रीहरु लाभग्राही किसानले सम्बन्धित काममा प्रयोग नगरेमा, बेवारिसे बनाएमा वा कार्यक्रमको मर्म भन्दा बाहेकको काममा सामान प्रयोग गरेमा सामान जफत

गरि फिर्ता लिन सक्नेछ । पालिका बाट अनुदान प्राप्त कृषि सामाग्री तथा औजार उपकरण ४ बर्ष भित्र हक हस्तान्तरण गरी विक्री वितरण गराएको पाईएमा पालिकाले दिएको अनुदानको रकम गाँउपालिकाले फिर्ता माग्ने छ । यदी उक्त रकम फिर्ता नगरेमा सम्बन्धीत किसानलाई पालिका बाट पाउने कुनै पनी सुविधा ५ बर्ष सम्म उपलब्ध नगराउने तथा सम्बन्धित मानिसलाई कालो सुचिमा राख्नु पर्नेछ ।

(६) **कृषि व्यावसायका लागी न्युनतम मापदण्ड :-** केरावारी गाँउपाललिका भित्र कृषि कार्य गर्ने किसानहरुले देहायका मापदण्ड पालना गर्नुपर्ने छ ।

(क) जलवायु अनुकुलन प्रविधिहरु अवलम्बन गरेको वा प्रतिबद्ध हुनुपर्नेछ ।

(ख) खेती प्रणाली न्युनतम दुरी सहित हारहार प्रणाली बाट लगाउनु पर्नेछ ।

(ग) कृषि फार्ममा गाउँपालिकाको प्राङ्गारिक मल उत्पादन केन्द्रले उत्पादन तथा सिफारिस गर्ने जैविक तथा प्रङ्गारिक मल साथै जैविक बिषाधी बनाई प्रयोग गर्नु पर्नेछ ।

(घ) कृषि पर्यटनलाई आकर्षक गराउन साथै फार्म आकर्षक बनाउन बिभिन्न किसिमका सदावहार बोटबिरुवा, आकर्षक आलङ्कारीक बिरुवा पुष्प सजावट जस्ता कार्य गर्नु गर्नुपर्ने छ ।

(ङ) माटो परिक्षण गाँउपालिकामा प्रयोगशालामा नियमित गराउनुपर्ने छ ।

**(७) आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने आवाश्यक कागजातहरु**

(क)समुह/सहकारी/फर्म/कम्पनी/समितिदर्ताको फोटोकपी।

(ख) PAN /VAT को प्रतिलिपि ।

(ग) सहकारी संस्था भए अघिल्लो बर्षको लेखापरीक्षण प्रतिवेदन ।

(घ) किसान परिचयपत्र जारी भए पस्चात किसान परिचयपत्रको फोटोकपी नहुन्जेल राष्ट्रिय परिचय पत्र वा नागरीकताको प्रतिलिपी, जग्गा धनि पुर्जा/व्यावसायिक करारनामाको प्रतिलिपी (लालपुर्जा नभएको जग्गामा वडा कार्यालयको भोगचलनको सिफारिस ।

(ङ) कार्यालयले तोके बमोजीमको फारम भरी निवेदन ।

(च) वडा कार्यालयको सिफारिस पत्र (सिफारिस पत्रमा कृषि र गैह्रकृषि क्षेत्र छुट्टिएको हुनुपर्ने)।

(छ) समुह/सहकारीले फारम भर्दा कुन कार्यक्रम कुन सदस्यलाई हो सो खुलाई निजको नागरिकताको फोटोकपी सहितको विवरण भरी पेश गर्नुपर्ने छ ।

**(८) बाधा अड्चन फुकाउनेः-** यस कार्यबिधिको कार्यन्वयनमा कुनै बाधा अड्चन उत्पन्न भएमा तथा कुनै विषय अस्पष्ट भएमा आर्थिक समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी सो बाधा अड्चन फुकाउन सक्नेछ।

## परिच्छेद-३

## जलवायु अनुकूल प्रविधि बिस्तार तथा प्रयोगमा व्यपकता (ड्रिप सिँचाइ, सुधारिएको हरितगृहस्थापना, मल्चिङ तथा अन्य अनुकुलन प्रविधि) कार्यक्रम

केरावारी गाँउपालिकामा किसानहरुलाई जलवायु अनुकुलन कृषि प्रविधिको अवलम्बन गराई जलवायु परिवर्तनबाट हुने हानीनोक्सानी न्यूनिकरण गर्न व्यवसायीक तथा बमौसमी तरकारी तथा फलफुलको बिस्तार गर्न यो कार्यक्रम ल्याईएको हो ।

**१. कार्यक्रमको नाम : मल्चिंग प्लास्टिक वितरण - ६० % प्रतिशत अनुदान**

यस कार्यक्रम भित्र देहाय बमोजिमका कृयाकलापहरु गरिने छ ।

१.१. व्यावसायिक तरकारी खेती गरिरहेका र गर्न ईच्छुक साथै मल्चिङको प्रयोग गरी अन्य बाली लगाउन ईच्छुक किसानहरुलाई कुल लागतको गाँउपालिकाको ६० प्रतिशत र लाभग्राही किसानको ४० प्रतिशत लागत साझेदारीमा मल्चीङ प्लाष्टीक वितरण गर्नुपर्ने छ ।

१.२. प्लाष्टिक मल्चिङको गरिरहेका तथा ईच्छुक फर्म तथा कुनै समुह/सहकारीमा सदश्य नभएका साधारण किसानहरु ले पनी यो कार्यक्रममा आबेदन दिन सक्नेछन भने कार्यालयले पनि पहिचान खुल्ने कागजातका आधारमा अनुदानमा सामग्री दिन सक्नेछ ।

## २. कार्यक्रमको नाम : टनेल प्लास्टिक वितरण कार्यक्रम

यस कार्यक्रम भित्र देहायका कृयाकलापहरु गरिने छ ।

२.१. व्यावसायिक तरकारी खेती गरिरहेका र गर्न ईच्छुक तरकारी खेती गर्न ईच्छुक कार्यक्रममा सहभागी हुन आवेदन दिने किसानहरुलाई प्राविधिक मापदण्ड बमोजिमको टनेल बनाउन गाउँपालिकाले निशुल्क रुपमा ६*१२ मि. को प्लाष्टिक टनेल उपलब्ध गराउनु पर्नेछ

२.२. तरकारी खेती गरिरहेका तथा ईच्छुक फर्म तथा कुनै समुह/सहकारीमा सदश्य नभएका साधारण किसानहरु ले पनी यो कार्यक्रममा आबेदन दिन सक्नेछन भने कार्यालयले छनौट भएका किसानको पहिचान खुल्ने कागजातका आधार, वडा कार्यालयको सिफारिस साथै प्राविधिक मापदण्ड बमोजिमको नयाँ बासको टनेल घर निर्माण भएको

फोटो पेश गरे पस्चात टनेल प्लाष्टिक उपलब्ध गराउनु पर्नेछ।

**३. कार्यक्रमको नाम : ग्राभिटी थोपा सिचाई वितरण - ६० % प्रतिशत अनुदान कार्यक्रम**

यस कार्यक्रम भित्र देहायका कृयाकलापहरु गरिने छ ।

३.१. टनेलभित्र व्यावसायिक तरकारी खेती गरिरहेका र टनेल भित्र तरकारी खेती गर्न ईच्छुक किसानहरुलाई कुल लागतको गाँउपालिकाको ६० प्रतिशत अनुदान र लाभग्राही किसानको ४० प्रतिशत लागत साझेदारीमा ६*१२ को टनेल भित्र मिल्ने ६ लेनको टेङ्कीको क्षमता १०० लि भएको ग्राभिटी थोपा सिचाई सेट वितरण गर्नुपर्ने छ ।

३.२. तरकारी खेती गरिरहेका तथा ईच्छुक फर्म तथा कुनै समुह/सहकारीमा सदश्य नभएका साधारण किसानहरु ले पनी यो कार्यक्रममा आबेदन दिन सक्नेछन भने कार्यालयले पनि पहिचान खुल्ने कागजातका आधारमा अनुदानमा सामग्री दिन सक्नेछ ।

**४. कार्यक्रमको नाम : कृषकको मागमा आधारित सुधारिएको फलाम ट्रृष्ट वा उपचारित बाँस बाट प्लाष्टिक घर निर्माण ६०% अनुदान**

यस कार्यक्रम भित्र देहायका कृयाकलापहरु गरिने छ ।

४.१. यो कार्यक्रम बाट कम्तिमा ६*१२ को किसानको माग बमोजिम सुधारिएको फलाम ट्रृष्ट वा उपचारित बाँस बाट प्लाष्टिक घर निर्माण गर्न सक्नेछ । प्राविधिकको लागत ईष्टिमेटको आधारमा कुल लागतको गाँउपालिकाको ६० प्रतिशत अनुदान र लाभग्राही किसानको ४० प्रतिशत लागत साझेदारीमा यो कार्य गरिने छ ।

४.२. यो कार्यक्रम बढिमा ५ क्लष्टरमा गरिने छ ।

४.३. यो कार्यक्रमको लागि आवेदन बिधिगत दर्ता तथा नविकरण भएका कृषक समुह/ कृषि सहकारीहरुले मात्र आबेदन दिन सक्नेछन ।

४.४. छनौट भएका लाभग्राही संग संझौता गरी वा कार्यालयले खरिद प्रकृया अपनाई टनेल घर निर्माण गर्न सक्नेछ ।

## परिच्छेद-४

## बिउ बिजन तथा सुधारिएका कृषि औजार उपकरण वितरण कार्यक्रम

कृषकहरुको घरमा करेसाबारी स्थापना मार्फत तरकारीमा आत्मनिर्भर साथै पोषण सुधार गर्ने साथै स्थानिय हावापानी अनुकुलका अनुसन्धान बाट विकसीत जलवायुमैत्री बिभिन्न बालीको बिउ बिजन वितरण गर्ने साथै बिभिन्न विकसित किसानमैत्री कृषि हाते औजार उपकरण वितरण गर्ने गरी यो कार्यक्रम ल्याईएको हो ।

**(१) कार्यक्रमको नाम :- किसानको मागमा आधारित बिभिन्न सुधारिएका तथा विकसित औजार उपकरण वितरण ६० % अनुदान कार्यक्रम**

१.१. यस कार्यक्रम अन्तर्गत किसानहरुको मागमा आधारित रहेर नयाँ विकसीत तथा बजारमा उपलब्ध हुने स-साना कृषि औजार/उपकरणहरु वितरण गर्न सकिने छ (डेङ बनाउने तथा गोडमेल गर्ने औजार, बाली कटानी तथा घाँस काट्ने औजार, बिउ रोप्ने औजार, जमिन सम्माउने रेक साथै औजार, बिषादि छिट्ने स्प्रेअर तथा अन्य उत्पादन तथा प्रशोधन साथै प्याकेजिङ संग सम्बन्धीत सामाग्रीहरु)

१.२. यस्ता उपकरणमा ४०% किसानको वा अनुदानग्राहीको प्रत्यक्ष नगद लागत साझेदारी हुनुपर्ने छ ।यो रकम अनुदानग्राहीबाट कार्यालयमा रकम जम्मा गरी सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम सामान

खरिद गरी आवाश्यक प्रकृया पुर्याई अनुदानग्राही लाई सामाग्री हस्तान्तरण गर्नु पर्नेछ ।

१.३ यो कार्यक्रममा ईच्छुक फर्म तथा कुनै समुह/सहकारीमा सदश्य नभएका साधारण किसानहरुले पनी आबेदन दिन सक्नेछन भने कार्यालयले पनि पहिचान खुल्ने कागजातका आधारमा अनुदानमा सामग्री दिन सक्नेछ । असङ्गठित रहेका कृषकहरुले पनि प्रत्यक्ष आवेदन दिन पाउने छन ।

**(२) कार्यक्रमको नाम :- स्थानिय हावापानी अनुकुल बिभिन्न खाध्यन्न बालीको बिउ वितरण कार्यक्रम**

२.१. यो कार्यक्रम अन्तर्गत बिभिन्न किसिमका जलवायु अनुकुलित अनुसन्धानबाट बिकसित गरिएका जातहरु कार्यालयले निर्णय गरी कुनै एक वा सो भन्दा बढि जातका बिउ (खाध्यान्न बालिहरु धान, मकै, गहु साथै स्थानिय स्तरमा रैथाने रहेका तथा पौष्टीक महत्व बोकेका बालीहरुका बिउहरु, दलहन तथा तेलहन बालिका बिउहरु) किसानहरुलाई वितरण गर्नु पर्नेछ ।

२.२. यस कार्यक्रममा वितरण गरिने बिउहरुमा कार्यालयको अनुदान ६०% र किसानहरुको लागत सहभागिता ४०% हुनेछ ।

२.३. नयाँ जातको प्रचार,प्रविधि प्रचार प्रसार, रणनैतिक महत्वका बाली बिस्तार, विशेष तथा उन्नत प्रविधि प्रसारका लागी तथा स्थानिय रैथाने जातका बिउ साथै विउ वितरण पुर्वक बिपत तथा रोग किराको महामारी भएको अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम कृषि विकास शाखाले वितरण गर्न सकिने छ ।

२.४. किसानको लागत साझेदारी हुने तथा कार्यालयको रकम अनुदान रहने बिभिन्न प्रजाती तथा जातका बिउ उपलब्ध गराउदा किसानहरुको माग सुचना प्रकासित गरी सङ्कलन गरिने छ ।

२.५. यो कार्यक्रममा किसानहरुले सहकारीहरु, कृषक समुह, ब्यात्तिगत फर्म साथै तोकिएको कागजात भरी प्रत्यक्ष किसानले पनी भाग लिन सक्नेछन।

२.६. किसानहरुको माग सङ्कलन गरी सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम अनुसार आवाश्यक सामान खरिद गरी किसानहरुलाई हस्तान्तरण गर्नु पर्नेछ ।

**(३) कार्यक्रमको नाम :- करेसाबारी स्थापना गर्न बिभिन्न जातका तरकारीका मिनिकिट वितरण**

३.१. यो कार्यक्रम अन्तर्गत बिभिन्न किसिमका जलवायु अनुकुलित तथा स्थानिय स्तरमा उत्पादनको संभावना हुने बिभिन्न जातका तरकारीका बिउ संलग्न गरी मिनिकिटहरु तयार पारी करेसाबारी स्थापना गरी पोषण सुधार गर्न किसानहरुलाई निशुल्क वितरण गर्नुपर्ने छ ।

३.२. यस कार्यक्रममा बिउ वितरण गर्दा स्थानिय कृषक समुहलाई प्राथामिकता राखी विउ वितरण गरिने छ ।

## परिच्छेद- ५

## प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रको क्षमता अभिबृद्धी साथै आवाश्यक साधन तथा औजार उपकरण व्यवस्थापन कार्यक्रम

यो कार्यक्रम विशेष गरी केराबारी गाउँपालिकाको प्राङ्गारिक कृषिको आधारको रुपमा संचालनमा ल्याईएको प्राङ्गारिक मल उत्पादन केन्द्रको क्षमता बृद्धि गर्न यस सम्बन्धी निर्माण तथा खरिद गर्ने कार्य गर्ने साथै कृषि विकास शाखा तथा कृषि बजारको आवश्यक व्यवस्थापन गर्ने मुख्य रहेको छ ।

**(१) प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रको परिसरमा अफिस रुम निर्माण, कृषि शाखा एवं कृषि बजारको तालिम हल साथै गेष्ट हाउस व्यवस्थापन**

१.१. यस कार्यक्रम मार्फत प्राङ्गारिक मल उत्पादन केन्द्रमा अफिस रुम निर्माण, ल्याव हाउसमा ईन्भटर जडान, एसी जडान, कम्प्युटर व्यवस्थापन साथै कृषि शाखा तथा कृषि बजारमा कृषि उद्यम स्टल निर्माण, एसि जडान तथा आवश्यक फर्निचर व्यवस्थापन साथै गेष्ट हाउस समेत व्यवस्थापन गर्नुपर्ने छ।

## परिच्छेद- ६

## प्राकृतिक खेती बिस्तार ,जैविक तथा प्राङ्गारिक कृषि प्रवर्दन कार्यक्रम

यो कार्यक्रम विशेष गरी केराबारी गाउँपालिका भित्र प्राकृतिक खेती विस्तार गर्ने तथा प्राङ्गारिक कृषि प्रवर्दन गर्ने उदेश्यले ल्याईएको हो ।

**(१) कार्यक्रमको नाम :- प्राकृतिक खेती तथा जैविक खेती सम्बन्धी क्षमता अभिबृद्धि तालिम**

१.१. केराबारी गाँउपालिकाभित्र प्राकृतिक तथा जैविक खेती बिस्तार गर्न किसानहरुको क्षमता अभिबृद्धि गर्न जरुरी देखिएकाले यो कार्यक्रम ल्याईएको हो ।

१.२. यो कार्यक्रम बाट २ दिवसिय प्राकृतिक खेती तथा जैविक खेती सम्बन्धी क्षमता अभिबृद्धि तालिम संचालन गर्नु पर्नेछ र तालिममा सहभागिहरुलाई जैविक मल बनाउने भाडाकुडा, सखर साथै गाउँपालिकाको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रले उत्पादन गरेको जोरन निशुल्क दिनुपर्ने छ ।

१.३. आर्थिक मापदण्ड गाउँपालिकाले पारित गरेको नर्मस बमोजिम कार्यालय प्रमुखले स्विकृत गरे बमोजिम हुनेछ ।

(२) **<u>बिद्यालयमा करेसाबारी स्थापनाका लागि सामग्री वितरण साथै बिद्यार्थिहरुलाई कृषि सिकाई थलो निर्माण</u>**

यो कार्यक्रम केराबारी गाउँपालिका भित्र रहेका बिद्यालयमा अध्यनरत बिद्यार्थीहरु मा कृषि तर्फ सकारात्मक धारणा विकास होस भन्ने साथै कृषिमा ब्यवहारीक ज्ञान हासिल गर्न सकुन तथा हरित बिद्यालयको अवधारणा कार्यान्वयन गराउने अभिप्रायले ल्याईएको हो ।

२.१. यो कार्यक्रममा माध्माध्यामिक तथा आधारभुतका बिद्यालय सहभागी हुन सक्नेछन ।

२.२. यो कार्यक्रम मार्फत बिद्यालयमा तरकारीको करेसाबारी निर्माण, फलफुलको बगैचा निर्माण, बगैचाका बिरुवाको

संरक्षण गर्न घेरबारा, सिचाई व्यवस्थापन, औजार उपकरण खरिद, कुहिने फोहोर मार्फत कम्पोष्ट बनाउन कम्पोष्ट पिट निर्माण जस्ता हरित बिद्यालय प्रवर्दन सम्बन्धी कृयाकलाप गर्नुपर्नेछ ।

२.३. यो कार्यक्रममा गाउँपालिकाको ८५% र सम्बन्धित बिद्यालयको १५% लागत साझेदारी हुनुपर्ने छ ।

२.४. कार्यक्रमका लागि बिद्यालय छनौटका मापदण्ड

क. बिद्यालयको आफ्नै वा चर्चेको करेसाबारी निर्माण गर्न उपर्युक्त कम्तिमा १ कठा जमिन हुनुपर्ने छ ।

ख. बिद्यालय हाता भित्र जमिन भएका स्कुललाई प्रथामिकता दिईने छ ।

ग. बिद्यालय बाहिर जमिन हुदा सुगम, सुरक्षात्मक र निगरानी गर्न सकिने स्थान हुनुपर्छ ।

घ. घाम लाग्ने ठाउँको जमिन हुनुपर्छ, कम्तीमा ५–६ घण्टा घाम लाग्ने ।

ङ. माटो राम्रो उब्जनी क्षमताको वा सुधार गर्न सकिने खालको हुनुपर्छ ।

च. सिंचाइको सहज पहुँच (जस्तैः धारो, ट्यांकी, इनार, वर्षा पानी सङ्कलन) हुनु आवश्यक ।

छ. बालबालिका/विद्यार्थीको सुरक्षित पहुँच हुने गरी अवस्थित हुनुपर्छ ।

**(४) <u>भर्मी पिट निर्माणका लागि प्लाष्टिक वितरण</u>**

गड्यौली मल किसान स्तरमा नै उत्पादन गरी किसानलाई मलमा आत्मानिर्भर बनाउन प्रविधि प्रसार साथै किसानहरुलाई भर्मी पिट बनाउन सहज बनाउने उद्देश्यले यो कार्यक्रम ल्याईएको हो ।

४.१. यो कार्यक्रम मार्फत किसानहरुलाई ३० फिट लम्बाईको साथै ३.३३ फिट चौडाईको २५० जि. एस. एम. को प्लाष्टिक निशुल्क उपलब्ध गराईने छ ।

४.२. किसानहरुले अनुदानमा उपलब्ध गराईएको प्लाष्टिक बाट ११ फिट लम्बाईको साथै ३.३३ चौडाई र ३ फिट उचाईको अन्य बस्तु स्थानिय श्रोत साधनको प्रयोग गरी भर्मी बेड निर्माण गर्नु पर्नेछ ।

४.३. भर्मी बेड बनाउने प्लाष्टिक संगै गाउँ पालिकाको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र मार्फत गड्यौला निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

४.४. प्राकृतिक तथा जैविक खेती सम्बन्धी तालिम लिएका तथा व्यवसायीक तरकारी खेती गरिरहेका किसानहरुलाई प्राथमिकताका आधारमा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ७

## सिचाई व्यवस्थापन

जलवायु परिवर्तन बाट सिचाईका श्रोतहरु सुकी कृषि कार्य गर्न चुनौतीहरु बढ्दै गईरहेको छ । यो समस्या बाट कृषि क्षेत्र बिनास हुन

बाट रोक्न पानिका मुहान संरक्षण, बर्षादको पानी सङ्कलन, रिचार्ज पोखरी निर्माणका साथै अन्य सिचाईका बैकल्पीक बिधिहरुको प्रयोग तथा निर्माण गर्ने उद्देश्यले यो कार्यक्रम ल्याईएको हो ।

## (१) प्लाष्टिक पोखरी निर्माण ७५% अनुदान

१.१. जलवायु परिवर्तनका कारण पानिको श्रोत घटिरहेको कारण सिचित क्षेत्र बढाउन चुनौतिपुर्ण भईरहेको बर्तमान अवस्थामा प्लाष्टिक पोखरी बाली उत्पादनको संभावना भएका तर सिचाईको अभाव भएका क्षेत्रहरुमा बर्षादको पानी साथै खेर गईरहेको पानि सङ्कलन गरी बाह्रै महिना खेती गर्ने उद्देश्यले यो कार्यक्रम ल्याईएको हो ।

१.२ कार्यक्रमको लाभम्वित कृषक :- यस कार्यक्रमका लाभाम्वित कृषकहरुमा गाउँपालिका भित्र तरकारी, फलफुल साथै नगदेबालीको खेती गरिरहेका फर्म दर्ता भएका वा कृषक समुह सहकारीमा आबद्ध कृषकहरु मुख्य अनुदानग्राही साथै लाभाम्वित कृषकहरु हुन ।

१.३. पोखरीको मापदण्ड -

(क) आकार तथा गहिराइ निर्धारण: लम्बाइ, चौडाइ र गहिराइ क्रमस १० मि. × ८ मि. × २ मि. डिजाइन अनुसार खाल्डो खन्ने । कुनामा ढल्को २:१ वा १.५:१ अनुपातमा राख्ने

(ख) प्लास्टिक पोखरी बनाउदा माटोको किसिम अनुसार पोखरीको आकार निर्धारण गरिन्छ ।

(ग) खाडलमा प्लास्टिक बिछ्याउनुअघि माटोलाई हिल्याई १५ सेन्टीमिटर जति ढुङ्गा रहित लेसिलो माटोले लेपन गर्नुपर्छ ।

(घ) पोखरीमा चाहिने प्लास्टिकको मोटाई २५० जी.एस.एम. को प्लास्टिक हुनु पर्नेछ ।

(ङ) पोखरीको माथिल्लो सतहको लम्बाई र चौडाईभन्दा पिँधको लम्बाइ र चौडाइ लगभग आधा मिटर कम हुनु पर्दछ ।

(च) पोखरीमा पानी भरिएपछि व्यवस्थित निकास दिनका लागि डिलको कुनै स्थानमा १५ सेन्टीमिटर गहिरो नाली बनाउनुपर्छ ।

(छ) पोखरीको निर्माण स्थल खेती गरिने जग्गाभन्दा सकभर अग्लो ठाउँमा हुनु पर्दछ ।

१.४. आर्थिक मापदण्ड - उल्लेखित पोखरीको मापदण्ड भित्र रही प्राविधिकको लागत ईष्टिमेट बमोजिम बढिमा प्रति प्लाष्टिक पोखरी गाउँपालिकाको रु. ४०,०००।- अनुदान रहनेछ । कुल परियोजनाको किसानको लागत सहभागिता २५% हुनुपर्नेछ ।

## (२) सामुदायिक वन सँगको ५०% लागत साझेदारीमा रिचार्जेवल पोखरी सहितको कृषि-वन-जैविक विविधता पार्क स्थापना कार्यक्रम

जलवायु परिवर्तनको असर ले समग्र ईको सिष्टममा असर पारिरहेको ले गाउँपालिका भित्र नमुनाको रुपमा सामुदायिक वन संगको सहकार्यमा जलिय ईकोसिष्टम विकास गर्दै बिभिन्न कृषि वाली, वन पैदावर साथै जडिबुटी सहितको नमुना कृषि वन जैविक विविधता पार्क स्थापना गर्ने र यसबाट पर्यापर्यटनको समेत विकास गर्ने उद्देश्यले यो कार्यक्रम ल्याईएको हो ।

२.१. यो कार्यक्रमको साझेदार मुख्य रुपमा सामुदायिक वन रहनेछ ।

२.२. प्रमुख क्रियाकलापहरू:

२.२.१ पोखरी निर्माण

(क) आकार: कम्तिमा लम्बाई , चौडाई र गहिराई 20×15×2 मिटर को पोखरी निर्माण गर्नुपर्ने उल्लेखित

(ख) प्रविधि: फेदमा प्लाष्टिक सो भन्दा माथी २ फिट चिम्टाईलो माटो भरी पानीको भरण गर्नुपर्ने ।

(ग)उद्देश्य: वर्षा पानी सङ्कलन गरी चरा चुरुङ्गी साथै जङ्गली जनावरलाई समेत पिउने पानी उपलब्ध तथा प्रकोपका बेलाको लागि पानी संचय गर्ने ।

२.२.२ कृषि वन पार्क संरचना

(क) बहुवर्षीय वनस्पति रोपण : फलफूल, घाँस, औषधीय र बहुपयोगी आय आर्जन गर्न सक्ने बिरुवाहरुको ब्लक स्थापना

(ख) पर्यटन र शिक्षा क्षेत्र: पार्कको रूपमा विकास गर्न स्थानिय श्रोतको प्रयोग गरी फुट पाथ निर्माण , स्थानिय वातावरणको ह्रास नहुने गरी पर्यटक बिश्राम गृहको निर्माण गर्ने । बिभिन्न जनावर अङ्कित प्रतिमाको निर्माण गर्ने ।

२.२.३. जैविक विविधता संरक्षण

(क) स्थानीय जातको बिरुवा संरक्षण

(ख) स्थानीय चराचुरुङ्गी, झारपात, किरा, कीटप्रति अनुकूल वातावरण सिर्जना

२.३. साझेदारी संरचना :- यो कार्य निरन्तर रुपमा संचालन हुने प्रकृतिको कार्यक्रम भएकाले हालको लागि चालु आ.ब. को स्विकृत कार्यक्रम बाट ५०% लागत: केराबारी गाउँपालिकाको र ५०% लागत: सामुदायिक वन उपभोक्ता समूहको तर्फ बाट लागत

सहभागिता हुनेछ । लागत सहभागिता नगद, जिन्सी तथा श्रमदान सबै प्रकृतिको हुनेछ ।यो कार्यक्रम बिशेष गरी सामुदायिक वनहरु संगको सहकार्यमा संचलन गरिनेछ ।सामुदायीक वन बाहेक डिभिजन वन कार्यालय साथै अन्य निकाय पनी यो कार्यक्रममा जोडिन सक्ने छन ।कार्यक्रम गर्न ईच्छुक सामुदायिक बनहरु बाट प्राप्त निवेदहरु आर्थिक समितिले आवाश्यक छानविन गरी कार्यक्रमको लागि छनौट गरी अनुमोदनका लागि कार्यपालिकामा पठाउने छ । कार्यपालिकाको अनुमोदन पस्चात कार्यालयले लाभग्राही संग कार्यक्रम संचालनको लागि संझौता गर्ने छ ।

२.४. जमिनको मापदण्ड

(क) सामुदायिक वनको उपयुक्त क्षेत्र (समथर, आंशिक ढल्किएको, बस्ती नजिक)

(ख) पहुँच मार्ग, पानीको श्रोत नजिक

(ग) कम्तिमा १ बिघा क्षेत्रफल

२.५. **कार्यक्रम माग गर्न** आवश्यक कागजातहरु

(क) सामुदायीक वन उपभोक्ता समितिको कार्यक्रम माग गर्ने निर्णय ।

(ख) सव डिभिजन वन कार्यालयको सिफारिस ।

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

## <u>(३) बैकल्पीक सिचाई व्यवस्थापन सम्बन्धी प्रविधि प्रदर्शन कार्यक्रम</u>

केराबारी गाउँपालिका भित्र अनुसन्धान बाट सिचाई प्रविधि सम्बन्धी विकसित सफल तथा अन्य क्षेत्रका किसान माझ लोकप्रिय भएका प्रविधिहरुको प्रविधि प्रदर्शन गर्ने उदेश्यले यो कार्यक्रम ल्याईएको हो ।

३.१. यो कार्यक्रममा तपशिल बमोजिमका कृयाकलापहरु तथा कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

(क) बैकल्पीक सिचाईका प्रविधिहरु प्लाष्टिक पोखरी, सिमेन्ट माटो मिश्रण पोखरी, थोपा सिचाई, नमुना प्लाष्टिक पोखरी लगाएत विकसित बैकल्पिक सिचाईका प्रविधिहरुको प्रविधि प्रदर्शन गरिने छ ।

(ख) अन्यन्त्र विकिसित तथा सफल प्रविधिहरु को प्रदर्शन ।

(ग) कार्य संचालन गर्दा गाँउपालिकाको शत प्रतिशत अनुदान रहनेछ ।

(घ) आर्थिक पक्ष प्रचलित कानुन बमोजिम हुनेछ । प्रति कार्यक्रम बढिमा रु ३००००।— सम्म खर्च गर्न सकिनेछ ।

परिच्छेद- ८

## प्रविधि प्रदर्शन, कृषि प्राविधिक/कृषकहरुको क्षमता अभिबृद्धी तथा सिप विकास तथा जनचेतना मुलक कार्यक्रम , प्रकासण तथा प्रचार प्रसार साथै अन्य चालु प्रकृतिका कार्य

यो कार्यक्रम विशेष गरी जलवायु अनुकुलन प्रविधि प्रचार प्रसार गर्ने , किसानको क्षमता अभिबृद्धी गर्ने, जनचेतना बढाउने तथा स्थानियको सिप बढाउने उद्देश्यले ल्याईएको हो ।

**(१) कृषि विकास अवस्था साथै कृषिको नविनतम प्रविधि साथै जलवायु अनुकुलन प्रविधिहरुको संगालो समेटी जनचेतनामुलक पुस्तक प्रकासन तथा वितरण**

१.१ यो कार्यक्रम मार्फत कृषि सम्बन्धी नविनतम प्रविधि , जलवायु अनुकुलन कृषि प्रविधि, कृषकहरुको लागि व्यवहारीक ज्ञान , कृषि क्षेत्रको विकास, कृषि संगै स्वास्थ्य, पोषण, ब्यवहारीक कानुनी पक्ष, उद्यम, पशु विकास समेटी पुस्तक तयार पार्नु पर्ने छ ।

१.२. तयार पारिएको पुस्तक छपाई गरी किसानहरुलाई निशुल्क वितरण गर्नु पर्नेछ ।

१.३ आर्थिक मापदण्ड

| क्र.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | प्रति शिर्षक लेख पारिश्रमिक (१५०० शब्द भन्दा माथी) | रु.१५०० | लेखहरु सरल नेपाली भाषामा स्पष्ट लेखिएको, ब्यवहारीक साथै अनुसन्धान मुलक हुनुपर्ने छ । |
| | प्रति शिर्षक लेख पारिश्रमिक (१०००-१५०० शब्द ) | रु. १२००।- | |
| | प्रति शिर्षक लेख पारिश्रमिक (८००-१००० शब्द ) | रु. १०००।- | |
| | प्रति शिर्षक लेख पारिश्रमिक (८०० शब्द भन्दा कम ) | रु.८००।- | |
| | फोटो बाहुल्य सन्देशमुलक लेख प्रति पृष्ठ | रु.८०० | |

| | | | |
|---|---|---|---|
| २. | भाषा शुद्दा शुद्धी तथा भाषा सम्पादन पारिश्रमिक | रु. ३०००।- | |
| ३. | संपादक पारिश्रमिक | रु.५०००।- | |
| ४. | आवरण डिजाईन पारिश्रमिक | रु. १०००।- | |
| ५. | पुस्तक छपाई | ईष्टिमेट अनुसार | |

**(२) जलवायु अनुकुलन प्रविधि सम्बन्धी बिभिन्न पर्चा/पम्प्लेट तथा ब्रृसर प्रकासण**

२.१ यो कार्यक्रम बाट जलवायु अनुकुलन प्रविधि सम्बन्धी बिभिन्न पर्चा पम्लेट तथा ब्रृसर प्रकासण गरी सार्वजनिक स्थलहरुमा टास्ने, किसानहरुलाई वितरण गर्ने, अन्य बिभिन्न सार्वजनिक कार्यक्रममा वितरण गर्नु पर्नेछ ।

**(३) प्राङ्गारिक खेती प्रविधि सम्बन्धी बिभिन्न भिडियो डकुमेन्ट्री निर्माण**

३.१. प्राङ्गारिक खेती प्रविधि सम्बन्धी प्रचार प्रसार गर्ने तथा किसान माझ सकारात्मक धारणा अभिबृद्धी गर्ने किसिमका साथै गाउँपालिकाको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रले उत्पादन गरेका बिभिन्न जैविक मलको प्रचार प्रसार गर्ने खालका भिडियो तयार गरी प्रचार प्रसार गर्नु पर्नेछ ।

**(४) जलवायु परिवर्तन बाट समग्र क्षेत्रमा परेको असर र न्यूनिकरण सम्बन्धी बिज्ञ तथा सरोकारवाला पक्ष बिच बृहत छलफल तथा अन्तर्कृया गोष्ठी कार्यक्रम**

४.१. जलवायु परिवर्तन बाट कृषि लागाएत समग्र क्षेत्रमा पुर्याएको असर र त्यसबाट हुने क्षेती न्यूनिकरण गर्ने साथै जलवायु अनुकुलन प्रविधिहरु बारे छलफल गर्ने उद्देश्यले बिज्ञ तथा सरोकारवाला पक्ष

बिच छलफल गरी साझा धारणा तय गर्ने उद्देश्यले १ दिन संचालन गर्ने गरी यो कार्यक्रम ल्याईएको हो ।

४.२. कार्यक्रममा सहभागीहरु स्थानिय जनप्रतिनिधिहरु, नितिनिर्माताहरु, सम्बन्धित क्षेत्रका बिशेषज्ञ, सरोकारवाला पक्ष साथै किसानहरु हुनेछन ।

४.३. आर्थिक मापदण्ड स्विकृत नर्मस बमोजिम हुनेछ ।

**(५) जलवायु अनुकुलन प्रविधि सम्बन्धी किसान तथा कृषक समुहको क्षमता अभिबृद्धी ३ दिने तालिम**

५.१. यो कार्यक्रम मार्फत जलवायु अनुकुलन प्रविधि तथा सफल कृषि प्रविधि सम्बन्धी गाउँपालिकाका अगुवा किसानहरुलाई ३ दिने तालिम संचालन गर्नुपर्ने छ ।

५.२. तालिमका बिषय बस्तुहरु कृषि विकास शाखाले निर्धारण गरे बमोजिम हुनेछ ।

५.३. आर्थिक मापदण्ड गाउँ पालिकाको स्विकृत नर्मस बमोजिम हुनेछ ।

**(६) कार्यक्रम अनुगमन तथा मुल्याङ्कन तथा बिभिद खर्च**

यो कार्यक्रम केराबारी गाउँपालिकामा संचालित जलवायु अनुकुलन दिगो कृषि विकास तथा बजारिकरण कार्यक्रम प्रभावकारी ढङ्गले संचलन गर्न तथा कार्यक्रमको प्रभावकारीता बढाउनुका साथै कार्यक्रम संचालनमा कुनै त्रृटी देखिएमा संचालनका लागि ल्याईएको हो ।

६.१. यो कार्यक्रममा बिनियोजित रकम बाट अनुगमनमा जाने पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता, यातायात खर्च, संचार खर्च, खाजा खाना खर्च तथा अन्य भैपरी आउने खर्च गर्न सकिनेछ ।

६.२. आर्थिक मापदण्ड गाउँ पालिकाको स्विकृत नर्मस बमोजिम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

**(७) दैनिक भ्रमण खर्च**

७.१. कार्यक्रम संचालनका लागि कार्यक्रम संचालन भएको क्षेत्र वा बाह्य क्षेत्रमा खटिने कर्मचारीलाई आवश्यक दैनिक भ्रमण भत्ता यो कार्यक्रमबाट खर्च गर्न सकिने छ ।

७.२. कर्मचारी भ्रमणमा जानु अगाडी कार्यालय प्रमुख बाट स्विकृति लिनु पर्नेछ ।

**अनुसुची- १**

**कार्यक्रममा भाग लिन दिनुपर्ने निवेदन ढाचा**

मितिः .................

श्रीमान कार्यालय प्रमुख ज्यू
केराबारी गाँउपालिका मार्फत
कृषि विकास शाखा, केरावारी मोरङ ।

विषयः-प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति.............................. गते प्रकाशित सूचना बमोजिम .................................... कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रम को मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरे को शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमको कागजातहरु यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गगरका छौ / छु । मैले/हामीले अनुदान सहयोग प्राप्तगरे मा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगर भित्रै रही कार्य गर्नेछु । पूनश्चःतपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

स्वघोषणः यसै प्रकृतिका कार्यका लागि मैले/हामी ले यस कार्यालय बाहेक अन्य संघ संस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ । झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहनेछु /छौ ।

निवेदकको नाम :
मितिः-
सम्पर्कनं.

आवाश्यक कागजातहरु
१. अनुसूची १ अनुसारको आवेदन फाराम,
२. अनुसूची २ को किसानको विवरण र अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना,
३. किसान परिचयपत्र जारी भए पस्चात किसान परिचयपत्रको फोटोकपी नहुन्जेल नागरीकताको प्रतिलिपी, जग्गा धनि पुर्जा/ व्यावसायिक करारनामाको

प्रतिलिपी (लालपुर्जा नभएको जग्गामा वडा कार्यालयको भोगचलनको सिफारिस ।

४. समुह/सहकारी/फर्म/कम्पनी/समिति दर्ताको फोटोकपी /स्थायी लेखा नम्बरवा मुल्य अभिबृद्धी कर प्रमाणपत्रको प्रतिलिपि,

५. सहकारी गत आर्थिक बर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखापरिक्षणको प्रतिलिपि

६. अन्य प्रमाणित प्रमाणपत्रहरु भए (तालिम, शैक्षिक योग्यता आदी) कोप्रतिलिपिहरु।

७. वडा कार्यालयको सिफारिस पत्र (सिफारिस पत्रमा भुमि बर्गकरण अनुसार कृषि र गैह्र कृषि क्षेत्र खुलाएको हुनुपर्ने)

८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

## अनुसूची - २

## किसानको संक्षिप्त विवरण

(१) निवेदकको नाम :- (१.१) ठेगाना :-

(१.३) मोवाईल नं :-

(२) आफुसंग भएको जमीनको क्षेत्रफल :- (२.१) खेती गरिएको जमीन :-

(२.२) नगरिएको जमीनः-

(३) खेती गरिएका मुख्य बाली र क्षेत्रफल :-

(३.१) खाध्यान्न बाली- (क) धान :- (ख) मकै :- (ग) गहु :-

(घ) कोदो :- (ङ) अन्य :- (३.२) खेती लगाएको फलफुल बाली र क्षेत्रफल (क) (ख) (ग)

(३.३) खेती लगाएको तरकारी बाली र क्षेत्रफल (क) (ख) (ग)

(३.४) खेती लगाएको नगदेबाली (चिया, कफि, अदुवा, अलैची) (क) (ख) (ग)

(३.५) मौरी/च्याउ/ अन्य (क) मौरी :-...... घार (ख) च्याउ :- ...... बल्ब (ग) अन्य :-

(३.५) अन्य कुनै कृषि कार्य गरेको भए खुलाउने :-

(४) पशुपालन सङ्ख्या (क) गाईः- (ख) भैसीः- (ग) बाख्रा :- (घ) कुखुरा :- (ङ) अन्य :-

(५) परिवार संख्या (क) महिलाः- (ख) पुरुष :- कृषि कार्य गर्ने सङ्ख्या :- ...... महिला, ...... पुरुष

(६) सिचाईको सुविधा छ/छैन :-

(७) कृषि कार्यको खर्च आम्दानीको तथ्याङ्क राख्ने गरेको छ/छैन :-

(८) उत्पादीत कृषि उपजहरु आफै मात्र उपयोग गर्नु हुन् की बेच्नू पनि हुन्छ :-

(९) घरमा बैदेशिक रोजगारीमा गएको भए सो को सङ्ख्या :-

(१०) घरमा आम्दानीको मूख्य श्रोत :-

(११) कृषि कार्य ( ) मानविय साथै पशु श्रम बाट मात्र ( ) आधुनिक उपकरणको प्रयोग बाट ( ) दुवै

(१२) कृषि विकासको अवलम्बन गरेका नविनतम प्रविधि

(१३) यसभन्दा अगाडी अनुदान लिएको वा नलिएको विवरण

| क.स. | अनुदानको सामग्री लिएको विवरण | | कैफियत |
|---|---|---|---|
| | आ.ब. | सामग्री वा कार्यक्रमको नाम | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ३

# अनुदान कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्य योजनाको ढाँचा

कार्यक्रमकोनाम :-
........................................................................................................
कृषिफर्म/कम्पनी/समूह/सहकारी/ संस्थाको नाम :-
..............................................................
व्यवसायकसंचालक/अध्यक्ष/प्रतिनिधिको नाम, थरः
..............................................................
सदस्य संख्याः महिला................पुरुष..................जम्मा...........................
ठेगाना :- स्थानीय तहः ..................................गाउँ/टोल :-
............................ वडा नं. :- .......

क) संचालन गर्न खोजेको खेती व्यवसायको नाम र स्थान :-

ख) व्यवसायको कार्य उदेश्यहरु :-

१. २.

३.

ग) व्यावसाय संचालन गर्न कूल लगानी :-

च) खेती /व्यवसायवाट उत्पादन हुने वस्तुहरुः-

छ) उत्पादित कृषि बस्तुको परिमाण :-

ज) बजार योग्य परिमाण :-

(झ) खेती/व्यवसाय गर्ने जग्गाको क्षेत्रफल..............कठ्ठा लाभान्वित घरधुरी संख्या.................

(ञ) प्रत्यक्ष रोजगारी संख्या...........

कृषि तथा सहकारी शाखामा माग गरेका कार्यक्रमको विवरण

| क्र. स. | विवरण(कार्य क्रम मार्फत के सामन मागिएको हो सोको | मागपरि णाम | प्रति परिणाम अनुमानि त लागतर | जम्मा अनुमा नित लागत रकम | केरावारी गाँउपालि काले ब्यहोर्ने लागत | उपभो क्ताले ब्यहोर्ने लागत साझेदा |
|---|---|---|---|---|---|---|

| | विवरण अनिवार्य भर्नु पर्ने छ ) | | कम | | साझेदारी रकम | री रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

कार्ययोजना पेश गर्नेको

नाम :- संस्थाको छाप :-

पद :-

दस्तखत :-

सम्पर्क नं. :

# अनुसूची - ४

# अनुदान कार्यक्रम संचालनको लागि गरिने सम्झौता -पत्र

केराबारी गाँउपालिकाको, गाँउ कार्यपालिकाको कार्यालय, कृषि तथा सहकारी शाखा मार्फत संचालन गरिने चालु आर्थिक बर्ष..........को स्वीकृत बार्षिक कार्यक्रम कृषि विकास कार्यक्रम अन्तगत ..............................................कार्यक्रमसंचालनगर्नेकेरावारी गाँउपालिका,गाँउकार्यापालिकाकोकार्यालय (यस पछी पहिलो पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका कृषक/ उधमी /कृषिफर्म /कम्पनी /कृषकसमूह/ कृषि सहकारी /बहुउद्देश्य सहकारी संस्था श्री ...................................................................... (यसपछी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु को अधिनमा रहि कार्यक्रम सम्पन्न गर्न सम्झौता/ सहमतिभएकोछ।

**शर्तनामाहरु**

(१) यो सम्झौता पत्र पहिलो पक्ष र दोस्रो पक्ष बीच........................................ कार्यक्रम कार्यान्वयनको लागि मात्र प्रयोग हुनेछ।यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।सम्झौता मितिले ७ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।

(२) दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गरेको स्वीृकत प्रस्ताव पत्र बमोजिमको डिजाइन र इस्टिमेट अनुसार यस कार्यक्रमका लागि सम्झौता भएको

(क) कुल रकम रु ....................... (अक्षरुपी रु. ............................................................... मात्र।)

(ख) कार्यालयले उपलब्ध गराउने अनुदान रकम ( % वा बढीमा रु...........................) अक्षरुपी रु.................मात्र।

(ग) दोस्रो पक्षले प्राविधिकको सरसल्लाह र स्वीकृत प्रस्ताव बमोजिमको इस्टिमेट अनुसार कार्यसञ्चालन गर्नुपर्नेछ।साथै कार्य सम्पन्न भए पछि मात्र प्रचलित आर्थिक ऐन नियमानुसार कर कट्टी गरी रकम भुक्तानी हुनेछ ।

(३) भुक्तानीका लागि दोस्रो पक्षले वडाको सिफारिस पत्र, कार्य सम्पन्न प्रतिवेदन, योजना अघि, योजना निर्माण गरिरहदा र योजना सम्पन्न पश्चात्को रंगिन तस्विर, जनश्रम को डोर हाजिरी, सामग्री खरिदको बील तथा भरपाई, दाखिला प्रतिवेदन

र समुह/सहकारीको बैठकको निर्णयको प्रतिलिपि सहित भुक्तानीको लागि कार्यालयमा निवेदन गर्नुपर्नेछ।रकम भुक्तानी सम्बन्धित दोस्रो पक्षको बैकको खातामा भुक्तानी दिइनेछ ।

(४) दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ।दोस्रो पक्षले यस कार्यक्रम वा यसै प्रकृतिबमोजिमको कार्यका लागि दोहोरो अनुदान प्राप्त गरि ठगीगरिएको पाएमा सोको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।साथै दोस्रो पक्षले पहिलो पक्षबाट उपलब्ध गराएको सेवा सुविधाको दुरुपयोग गरी जनगुनासो आएमा सोको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(५) कार्यक्रमको फरफराक कार्य सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) यही आ.व. २०...... .......को२०.............साल...................महिनाको ...........गते भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

(६) दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्यरुप ले कार्यक्रम को नाम, अनुदानग्राहीको नाम, ठेगाना, सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्नेगरी राख्नुपर्नेछ।

(७) कार्यक्रम संचालन को दौरान दोस्रो पक्षको लापरवाहीको कारणवाट कुनै प्रकारको मानविय, भौतिक तथा आर्थिकहानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ । साथै कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मतसम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(८) पहिलो पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सरसल्लाह सुझाव दिन सक्नेछ।

(९) सम्झौता बमोजिमको कार्य नभई रकम दुरुपयोग हुनसक्ने देखिएमा पहिलो पक्षले एकपटकका लागि सचेत गराउने र त्यसो गर्दा पनिसुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्न र हिनामिना भएबराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरहअसुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

(१०) दोस्रो पक्षले सामग्री खरिद तथा निर्माण कार्यको सार्वजनिक जानकारी Public auditing गराउनुपर्नेछ।

(११) कार्यक्रम सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

(१२) यस कार्यक्रम सम्बन्धी कुनै विवाद आएमा कार्यालयको निर्णयनै अन्तिम निर्णय हुनेछ।

(१३) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

दोस्रो पक्षको तर्फ बाट
नामः
पदः
सम्पर्क नं :-
संस्थाको/फर्मको छाप

कृषि विकास शाखाको तर्फबाट
नामः-
पद :-
सही

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत